नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

Website: www.tsc.gov.np

पत्र सङ्ख्या : ०८१/०८२
चलानी नं. : ३८६

मिति : २०८१।११।०५

विषयः अध्यापन अनुमति पत्र वितरण सम्बन्धमा ।

जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा यस आयोगको मिति २०८१।०८।२६ को निर्णयअनुसार प्रकाशित निम्नमाध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्रको परीक्षाको नतिजामा विभिन्न प्रदेशबाट उत्तीर्ण उम्मेदवारहरूको अध्यापन अनुमतिपत्र सम्बन्धित प्रदेशको सदरमुकाममा रहेको शिक्षा विकास तथा समन्वय इकाइ (मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलाली) बाट वितरण भइरहेको छ । उक्त परीक्षामा उत्तीर्ण उम्मेदवारहरूले देहायको कागजात (सक्कल र स्वयम् प्रमाणित प्रतिलिपि) र पासपोर्ट साइजको २ प्रति फोटो सहित सम्पर्क राख्न जानुहुन सूचित गरिन्छ ।

क) तोकिएको न्यूनतम शैक्षिक योग्यतासम्मका शैक्षिक प्रमाणपत्र,

ख) प्रवेश पत्र,

ग) नेपाली नागरिकताको प्रमाण पत्र,

घ) तालिमको प्रमाण पत्रः मान्यताप्राप्त शिक्षण संस्थाबाट शिक्षा विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तिमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण वा शिक्षा विषयमा कम्तिमा१० महिने तालिम प्राप्त गरेको प्रमाणपत्र। (शिक्षाशास्त्र सङ्कायबाट स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेकोलाई तालिम प्राप्त गरेको मानिनेछ),

ङ) विदेशी शिक्षण संस्थाबाट शैक्षिक योग्यता प्राप्त गरेका उम्मेदवारको हकमा समकक्षताको प्रमाण पत्र ।

रामचन्द्र शर्मा
उपसचिव